फोन नं. ०७८-५४०१७०, ५४०४१५

**कावासोती नगरपालिका**
**नगर कार्यापालिकाको कार्यालय**
**शिवमन्दिर, नवलपरासी (बर्दघाट सुस्ता पुर्ब)**
**गण्डकी प्रदेश,नेपाल**

# शिलवन्दी दरभाउपत्र आव्हानको सूचना

दोस्रो पटक प्रकाशित मिति २०७५/१२/२४

कावासोती नगरपालिका कार्यालय शिवमन्दिर, नवलपरासीले आ.ब. २०७५/०७६ मा नगरपालिकाको आन्तरिक श्रोतबाट निम्न लिखित कार्यहरु शिलबन्दी दरभाउपत्रको माध्यमबाट गर्नु पर्ने भएकोले ईच्छुक निर्माण व्यवसायीहरुवाट निम्न शर्तको अधिनमा रही रितपुर्वक गोप्य शिलवन्दी दरभाउपत्र आव्हान गरिएको छ ।

१. इच्छुक निर्माण ब्यवसायी वा निजको आधिकारिक प्रतिनिधिले यो सूचना प्रकाशित मितिले १५ दिनभित्र आ.व. २०७४/७५ सम्मको लागि नविकरण भएको इजाजत पत्र, स्थायी लेखा नम्वर, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र र आ.व.२०७४/७५ सम्मको आयकर चुक्ताको प्रमाणपत्रका प्रमाणित प्रतिलिपिहरु संलग्न राखी कार्यालय समयभित्र रु १०००।- बोलपत्र फाराम दस्तुर (पछि फिर्ता नहुने गरी) वुझाएको नगदी रसिद सहित रित पुर्वक लिखित निवेदन दिई यस कार्यालयको आर्थिक प्रशासन शाखाबाट प्राप्त गर्न सकिनेछ ।
२. खरिद भएका दरभाउपत्र फाराम यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६ औं दिनको १२:०० बजे भित्र शिलवन्दी लाहाछाप गरी खाममा विवरण प्रष्ट खुलाई यस कार्यालयको प्रशासन शाखामा दर्ता गरि सक्नु पर्नेछ । दर्ता हुन आएका शिलवन्दी दरभाउपत्रहरु सोही दिनको २.०० वजे उपस्थित दरभाउपत्रदाता वा निजको आधिकारिक प्रतिनिधि र कार्यालयका प्रतिनिधीहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि सो दरभाउपत्र खोल्न वाधा पर्ने छैन ।
३. दरभाउपत्र खरिद गर्ने वा दर्ता गराउने अन्तिम दिन सार्वजनिक बिदा परेमा लगतै कार्यालय खुलेको दिन सोही समय अनुसार हुनेछ ।
४. सुचनामा उल्लेखित जमानत वापतको रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य वैंकको नवलपरासीको कावासोती शाखामा रहेको खाता नं. ग-३२००३०३००७१०२ मा रकम जम्मा गरेको सक्कलै बैंक भौचर वा यस कार्यालयको नाममा जारी भएको कम्तिमा १२० दिन म्याद भएको मान्यता प्राप्त वैंकबाट प्राप्त वैक ग्यारेन्टी ( विड वण्ड) सक्कल प्रति पेश गर्नु पर्नेछ ।
५. दरभाउपत्र खरिद वा दर्ता गर्ने फर्महरुले निर्माणस्थल र कामको सम्वन्धमा राम्रोसंग वुझी, हेरी साइट निरीक्षण गरी दरभाउपत्र फाराम भरेको मानिनेछ ।
६. दरभाउपत्रदाताले आफूले कवोल गरेको अंक मुल्यअभिवृद्धि कर वाहेकको हुनुपर्नेछ । साथै दरभाउपत्रदाता निर्माण एवं मर्मत कार्यमा भाग लिन अयोग्य नभएको तथा प्रस्तावित निर्माण एवं मर्मत कार्यमा आफ्नो कुनै स्वार्थ नबाझिएको भनी स्वघोषणपत्र समेत दरभाउपत्र फारमसाथ संलग्न राखी पेश गर्नु पर्नेछ ।
७. दरभाउपत्र फाराम भर्दा दररेट स्पष्ट रुपमा अंक र अक्षरमा उल्लेख गर्नु पर्नेछ, उल्लेखित अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।
८. दरभाउपत्रदाताको दरभाउपत्र स्वीकृत भए पछि मु.अ.कर सहित कबोल ठेक्का अंकको पांच प्रतिशतले हुन आउने रकम रा.बा.बैक शाखा कावासोती स्थित यस कार्यालयको खाता नं ग-३२००३०३००७१०२ मा जम्मा गरेको सक्कल बैक भौचर वा दरभाउपत्र पेश गर्ने अन्तिम मितिले कम्तिमा एक वर्ष म्याद भएको मान्यता प्राप्त बाणिज्य बैकबाट यस कार्यालयको नाममा जारी गरिएको जमानतपत्र (परफरमेन्स वण्ड) सम्झौता गर्नु अघि सक्कल प्रति पेश गर्नु पर्नेछ ।
९. म्याद नाघी आएको, रित नपुगेको र शर्त राखी पेश गरेको दरभाउपत्र उपर कुनै कारवाही हुनेछैन ।
१०. बजेटको कारण वा कार्यालयको हितलाई ध्यानमा राखी कुनैपनि कारण जनाई वा नजनाई दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने, वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पुर्ण अधिकार यस कार्यालयलाई हुनेछ ।
११. दरभाउपत्र सम्वन्धी सुचनामा आवश्यक कुनै संसोधन भएमा यस कार्यालयको सूचनापाटी वा राष्ट्रिय स्तरको दैनिक पत्रिकामा सूचित गरिनेछ । दरभाउपत्र सम्वन्धी थप कुनै कुरा बुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयको आर्थिक प्रशासन शाखामा सम्पर्क राख्न सकिनेछ ।
१२. प्रचलित ऐन नियम अनुसार लाग्ने संपुर्ण करहरु दरभाउपत्रदाता स्वयंले व्यहोर्नु पर्नेछ ।
१३. संयुक्त उपकम (Joint Venture) मा काम गर्ने व्यवसायीको सम्वन्धमा सार्वजनिक खरिद नियमावली २०६४ वमोजिम हुनेछ ।
१४. एउटा फर्मको नाममा खरिद गरिएको बोलपत्र फाराम अर्को व्यक्ति वा फर्मको नामवाट दाखिला गर्न पाइनेछैन ।
१५. यस सुचनामा उल्लेख भएका कुराहरु यसै अनुसार र यसमा उल्लेख नभएका अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३, र सार्वजनिक खरिद नियमावली २०६४ (तेस्रो संसोधन २०६८) तथा अन्य प्रचलित ऐन नियम वमोजिम हुनेछ ।

<u>कामको विवरण</u>

| सि.न | ठेक्का नं. | कामको विवरण | ल.ई रकम (मू.अ.कर वाहेक) | धरौटी रकम रु. | बोलपत्र फारम दस्तुर रु. |
|---|---|---|---|---|---|
| १. | १४/०७५/७६ | खेलकुद मैदान निर्माण ( वडा न ५ ) | ७५२१६७९४ | १८८०४।१९ | १०००।० |
| २. | १९/०७५/७६ | रङगशाला निर्माण ( वडा न ६ ) | १६८१२९७६६ | ४२०३२।४४ | १०००।० |

प्रमुख प्रशासकीय अधिकृत